## ६० औं कार्यपालिका बैठक

आज मिति २०७६ साल चैत्र २ गते आइतवारका दिन यस गाउंपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

बल बहादुर अधिकारी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री लक्ष्मण मैनाली | अधिकृत छैठौं | |
| १९. | श्री ध्रुव बानियाँ | कार्यालय सहयोगी | |

**छलफल तथा प्रस्तावका विषयहरु:**

१. प्रदेश समपुरक तथा विशेष अनुदानको लागि योजना छनौट सम्बन्धमा ।

२. वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।

३. कोरोना भाइरस निगरानी तथा उपचारको लागि स्थानीय समन्वय समिति गठन गर्ने सम्बन्धमा ।

४. विस्तृत परियोजना प्रतिवेदन तयारी सम्बन्धमा ।

५. विविध ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

अध्यक्ष

**निर्णय नं. १**

आ.व.०७७/७८ का लागि वागमती प्रदेश भित्रका सबै स्थानीय तहहरुमा समपुरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/ कार्यक्रम प्रस्ताव पेश गर्न भनी मिति २०७६/११/१४ मा सूचना प्रकाशन मार्फत आव्हान गरेको सन्दर्भमा समपुरक र विशेष अनुदानका लागि देहायका योजनाहरु माग गर्ने निर्णय गरियो ।

**समपुरक अनुदान माग गर्ने योजना/कार्यक्रम (५०/५० लाख म्याचिङ गर्ने)**

१. वुढाथुमवेसी- सुकौरा- ओडारे- खिरवोटे सडक

२. भाँजा - फलाङ्गे - सातदोबाटे लुङग्रीखोला सडक वडा नं. ४

३. लुङग्रीखोला - भिरकुना - चिमचोक - लताव -तावल सल्लेरी - ताजिम्राङ किचेत सडक वडा नं. ४, ३, २ र १

**विशेष अनुदान माग गर्ने योजना/कार्यक्रम:**

१. लताव खानेपानी योजना, वडा नं. २

२. छुत्रिखोला, पयैंखर्क खानेपानी योजना वडा नं. ५ (गाउँ कार्यपालिकाको कार्यलय र स्वास्थ्य चौकी)

३. घ्याङ स्वोला डाँडागाउँ खानेपानी योजना वडा नं. ६

४. केउरकुना गुम्दी खानेपानी योजना वडा नं. ३

**निर्णय नं. २**

यस गाउँपालिकाको वडा नं. १, ताजिम्राङ मा वडा कार्यालय भवन निर्माणको लागि सम्वन्धित वडा समितिको मिति २०७६/१०/२७ को निर्णय र सिफारिस सहित गाउँपालिकामा पेश हुन आएको हुँदा वडा कार्यालयको नाममा रहेको धादिङ जिल्ला ७ ग २४० को क्षेत्रफल १-४-०-१ जग्गा मध्ये ०-५-०-० मा वडा कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

चिनको वहानबाट फैलिएको नोभल कोरोना भाइरसको संक्रमण विश्वका विभिन्न मुलुकमा फैलदो क्रममा रहेको सन्दर्भमा नेपालमा यसको संक्रमण भित्रन र फैलन नदिन तथा शंकास्पद व्यक्तिहरुको निगरानी र उपचार व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६ फागुन २८ को परिपत्र वमोजिम तोकिएको पदाधिकारीहरु रहने गरी स्वास्थ्य शाखालाई देहायको समितिहरु गठन गर्ने र उक्त रोगको रोकथाम तथा जनचेतनामुलक कार्य गर्नका लागि आवश्यक वजेट गाउँपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धादिङ
बागमती प्रदेश, नेपाल

अध्यक्ष

तपसिल:

१. वडा स्तरीय समन्वय समिति गठन गर्ने ।

२. गाउँपालिका स्तरीय समन्वय समिति गठन गर्ने ।

निर्णय नं. ४

यस गाउँपालिका अन्तर्गतका देहायका सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तयारी गर्ने निर्णय गरियो ।

तपसिल:

(क) छुनुऊ –कुताल –सल्लेरी सडक वडा नं. २

(ख) लताव –रि –ताजिम्राङ नयाँवस्ती- किचेत सडक वडा नं. १

विविध:

(क) यस गाउँपालिकाको राजश्व संभाव्यता अध्ययन प्रतिवेदन पूर्णिमा परियोजनाको समन्वयमा तयारी गर्नका लागि यही मिति २०७६ चैत्र ८ शनिवार विहान ९ वजे गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वडाका सचिव तथा गाउँ कार्यपालिकाको कार्यालयको शाखाका शाखा प्रमुखहरुको उपस्थितिमा गोष्ठी आयोजना गर्ने निर्णय गरियो ।

(ख) आ.व. ०७७/०७८ का लागि वजेट, योजना तथा कार्यक्रम तर्जुमा कार्यलाई व्यवस्थित एवं प्रभावकारी वनाउनका लागि पूर्णिमा परियोजनाको समन्वयमा मिति २०७६ साल चैत्र २१ र २२ गते शुक्रवार र शनिवारका दिन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा समितिका पदाधिकारीहरु, सचिवहरु, शाखाका शाखा प्रमुखहरुको उपस्थितिमा २ दिने गोष्ठी आयोजना गर्ने निर्णय गरियो ।

(ग) यस गाउँपालिका वडा नं. ४ स्थित श्री तामाङखर्क मा.वि.को खानेपानी तथा खेलमैदान मर्मत संभार गर्नुपर्ने भएकोले देहायको योजना गाउँ सभावाट अनुमोदन गर्ने गरी कन्टिजेन्सीवाट वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल:

(क) श्री तामाङखर्क मा.वि. खानेपानी तथा खेलमैदान मर्मतसंभार रु ८ लाख

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्ष